| ग | कृषि तथा कृषिजन्य व्यवसाय | प्रति रोपनी | १००० |
| **घ** | स्थायी संरचना बनेको हकमा | प्रति वर्ग फिट | ५ |
| **ङ** | अस्थायी संरचना र संरचनाको कम्पाउण्डभित्रको जग्गा | प्रति वर्ग फिट | ३ |
| **३** | **भवन** | | |
| **क** | पक्की | प्रति वर्गफिट | ५० |
| **ख** | कच्ची | प्रति वर्गफिट | ३० |

## अनुसूची-१०
## (दफा १० सँग सम्बन्धित)
## पार्किङ शुल्क

| सि.नं. | विवरण | प्रति घण्टा रु. | पार्किङ् प्रतिदिन | |
|---|---|---|---|---|
| १ | तोकेको पार्किङ् क्षेत्रमा पार्किङ् गरिने | | | |
| क | बस, मिनीबस | ३० | २०० | |
| ख | ट्रक, ट्याक्टर | २० | १०० | |
| ग | जिप, कार, भ्यान | २० | १५० | |
| घ | मोटरसाइकल स्कुटर | १० | ५० | |

## अनुसूची-११
## (दफा ११ सँग सम्बन्धित)
## पर्यटन शुल्क

| सि.नं. | विवरण | इकाई | शुल्क |
|---|---|---|---|
| १ | नेपाली नागरिक | प्रतिव्यक्ति प्रतिदिन | २० |
| २ | गैरनेपाली नागरिक | प्रतिव्यक्ति प्रतिदिन | १०० |
| ३ | गैरआवासीय नेपाली नागरिक | प्रतिव्यक्ति प्रतिदिन | ५० |

## अनुसूची-१२
## (दफा १२ सँग सम्बन्धित)
## फोहोरमैला तथा सरसफाइ व्यवस्थापन शुल्क

| सि.नं. | विवरण | कर दर रु. |
|---|---|---|
| १ | गैरसरकारी कार्यालयहरू मासिक | ५०० |
| २ | सरकारी कार्यालय प्रति महिना | १००० |
| ३ | आवासीय होटेल तथा रेष्टुरेन्ट मासिक शुल्क | ५०० |
| ४ | जिल्ला अस्पतालको मासिक शुल्क | २००० |
| ५ | तरकारी पसल तथा होटेलहरूबाट मासिक शुल्क | ३०० |
| ६ | मेडिकल तथा अन्य स्वास्थ्य संस्थाहरूबाट मासिक शुल्क | ५०० |
| ७ | अन्य पसल मासिक | १०० |

| | | |
|---|---|---|
| ८ | सडकको पहुँच भएका प्रति घरधुरी मासिक | ५० |
| ९ | सडकभन्दा टाढा रहेका आफैले बोकेर टिपरसम्म पुऱ्याउने घरधुरी मासिक | ५० |

## अनुसूची-१३
## (दफा १३ सँग सम्बन्धित)
## सेवाशुल्क तथा दस्तुर

| सि.नं. | विवरण | शुल्क तथा दस्तुर रु. |
|---|---|---|
| | व्यक्तिगत सिफारिस | |
| १ | नाता प्रमाणित / सगोल प्रमाणित | १०० |
| २ | जन्ममिति प्रमाणित | ५० |
| ३ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | ५० |
| ४ | अङ्ग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित | ५०० |
| ५ | घर पाताल प्रमाणित | ५० |
| ६ | व्यक्तिगत विवरण प्रमाणित | ५० |
| ७ | जीवितसँगको नाता प्रमणित | ५० |
| ८ | हकवाला बाहकदार प्रमाणित | ५० |
| ९ | संरक्षक प्रमाणित गर्ने, तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस | ५० |
| १० | कागज र मन्जुरीनामा प्रमाणित | १०० |
| ११ | जग्गा मूल्याङ्कन सिफारिस प्रमाणित प्रति वर्गमिटर | १ |
| १२ | आर्थिक कमजोर प्रमाणित | ० |
| १३ | आर्थिक अवस्था सम्पन्नता प्रमाणित रकमको प्रतिशतमा | ०.००५ |
| १४ | बहाल करको लेखाजोखा सिफारिस | १०० |
| १५ | मोही लगतकट्टाको सिफारिस | १०० |
| १६ | घरजग्गा करको लेखाजोखा सिफारिस | १०० |
| १७ | व्यापार व्यवसाय बन्द सञ्चालन वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस | ५० |
| १८ | मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस | ५० |

| | | |
|---|---|---|
| १९ | निशुल्क बास शुल्क स्वास्थ्य उपचारको सिफारिस | ० |
| २० | पुर्जामा घर कायम रहेको सिफारिस | १०० |
| २१ | फरक फरक नाम, थर, जन्ममिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | ५० |
| २२ | नाम, थर वा जन्ममिति संशोधन सिफारिस | ५० |
| २३ | जग्गाधनी पुर्जा हराएको सिफारिस | ५० |
| २४ | जग्गा खरिदबिक्रीका लागि गरिने सिफारिस | |
| | १० लाखमुनि | रु. २००० |
| | १० लाखमाथि ५० लाखसम्म | रु. ५००० |
| | मूल्याङ्कन सोभन्दा माथिको | रु. १०००० |
| २५ | अंशबन्डा गरेमा | ०.००५ |
| २६ | जग्गाको हक सम्बन्धमा सिफारिस | ५०० |
| २७ | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस | २५० |
| २८ | उद्योग ठाउँसारी गर्ने सिफारिस | १००० |
| २९ | जीवित रहेको सिफारिस | १५० |
| ३० | विद्यालय खोल्ने सिफारिस | ५००० |
| ३१ | विद्यालयको कक्षा थप गर्ने सिफारिस | १००० |
| ३२ | विद्यालय ठाउँसारी सिफारिस | २००० |
| ३३ | पालनपोषणको लागि सिफारिस | निशुल्क |
| ३४ | वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस | १०० |
| ३५ | धारा तथा विद्युत जडानको सिफारिस | १०० |
| | फेजलाइन | १००० |
| ३६ | कोठा खोल्ने रोहवरमा बस्ने | १०० |
| ३७ | प्रचलित कानुनअनुसार प्रत्यायोजित अधिकारबमोजिम अन्य सिफारिस वा प्रमाणित | ५०० |
| ३८ | खाता खोल्ने तथा बन्द गर्ने सिफारिस | १०० |
| ३९ | **चार किल्ला प्रमाणित** | |

| | | |
|---|---|---|
| | (मार्तडी बजारक्षेत्रमा १ कित्ताको | रु. ५०० |
| | बजारक्षेत्र बाहिर १ कित्ताको | रु. १००, |
| | बजारक्षेत्रमा दुई वा सो भन्दामाथि | रु. १००० |
| | बजारक्षेत्र बाहिर २ कित्ताभन्दा बढी भएमा | रु. ५०० |
| ४० | नागरिकता तथा नागरिकताको प्रतिलिपि सिफारिस | ५० |
| ४१ | पारिश्रमिक आय प्रमाणित प्रति सिफारिस | ५० |
| ४२ | मदिराको सर्जमिन गर्दा | ५०० |
| **४३** | **व्यवसाय/उद्योग दर्ता सिफारिस** | |
| | साना ५ लाखसम्म | ५०० |
| | मझौला ५ लाखदेखि २० लाखसम्म | १००० |
| | ठुला २० लाखभन्दा माथि | २००० |
| ४४ | व्यक्तिगत घटना दर्ता दस्तुर (३५ दिनसम्म निशुल्क त्यसपछि मात्र) | २०० |
| ४५ | घटना दर्ता प्रतिलिपि | ५०० |
| ४६ | घर नक्सा नामसारी | ५०० |
| ४७ | घर निर्माण सम्पन्न सिफारिस | १००० |
| ४८ | पिछडिएको क्षेत्र र जाती सिफारिस | ५० |
| ४९ | नाबालक सिफारिस | ५० |
| ५० | बसोबास सिफारिस | ५० |
| ५१ | नक्कल सिफारिस | ५० |
| ५२ | व्यवसाय सञ्चालन भैरहेको सिफारिस | २०० |
| ५३ | बाटो कायम सिफारिस | ५०० |
| ५४ | वडा मुचुल्का दस्तुर | १०० |
| ५५ | नगरपालिकाको योजना सिफारिस रु. ५०० र अन्य कार्यालयका लागि रु. १०००<br>योजना सम्झौतामा प्रदेश योजना २५०० र सङ्घीय सरकारको योजनामा ३००० लाग्नेछ। | |
| ५६ | घर नक्सापास दस्तुर | |

| | | |
|---|---|---|
| क | नक्सापास निवेदन फारम खरिद (किताब) | १००० |
| ख | भुइँतला प्रतिवर्ग फिट रु. | ४ |
| ग | पहिलो तला प्रति वर्गफिट रु. | ४ |
| घ | त्यसभन्दा माथिको तलका लागि प्रति वर्गफिट रु. | ४ |
| ङ | पर्खाल निर्माण अनुमति प्रति वर्गफिट रु. | ४ |
| ५७ | घर निर्माण इजाजत प्रमाणपत्र | ५०० |
| ५८ | घर निर्माण सम्पन्न प्रमाणपत्र | १००० |
| ५९ | अस्थायी टहरा निर्माण अनुमति | २०० |
| ६० | घर अभिलेखीकरण शुल्क: व्यापारिक प्रयोजनका लागि | २००० |
| ६१ | घर अभिलेखीकरण शुल्क: निजी प्रयोजनका लागि | १००० |
| ६२ | घर अभिलेखीकरण प्रति वर्गफिट | १२ |
| ६३ | सङ्घसंस्था नवीकरण सिफारिस | ५०० |
| ६४ | नयाँ दर्ता सिफारिस | ५०० |
| ६५ | नगरपालिकाको सभाहल प्रयोगप्रति दिन ग्राउण्ड फ्लोर | २५०० |
| ६६ | नगरपालिकाको बैठक कक्षा प्रयोगप्रति दिन पहिलो तला | १५०० |
| ६७ | नगरपालिकाको सभाहल प्रयोगप्रति दिन टप फ्लोर | ५००० |
| ६८ | टोटल स्टेसन १ दिनका लागि ३००० थप दिनका लागि प्रतिदिन रु. ५०० | |
| ६९ | नगरपालिकाको प्रोक्जेक्टर प्रतिदिन हलभन्दा बाहिर प्रयोगका लागि मात्र | १००० |
| ७० | वडा नं. ८ र ९ को हल प्रयोग गरेवापत | १००० |
| ७१ | वडा नं. ८ र ९ को हल प्रयोग वडा नं. १, २, ३, ४, ५, ६ र ७ को हल प्रयोग गरेवापत प्रतिदिन | ५०० |
| ७२ | अटो रिक्सा नामसारी तथा ठाउँसारी शुल्क | ५०० |
| ७३ | स्थानीय पूर्वाधार सेवा शुल्क (सडक) | १००० |
| ७४ | आधारभूत/प्राथमिक विद्ययालय अनुमति | २००० |
| ७५ | नि.मा.वि. विद्यालय अनुमति | ३००० |
| ७६ | मा.वि. विद्यालय अनुमति | ४००० |

| | | |
|---|---|---|
| ७७ | उच्च मा.वि. विद्यालय अनुमति | ५००० |
| ७८ | प्राविधिक विद्यालय अनुमति | ५००० |
| ७९ | प्रमाणपत्र प्रतिलिपि उतार | ५०० |
| ८० | तलब भत्ता प्रमाणित सिफारिस | ५०० |
| ८१ | सामुदायिक विद्यालय पढेको सिफारिस | १०० |
| ८२ | तमसुक र भरपाई १० लाखसम्म | २०० |
| ८३ | तमसुक र भरपाई ५० लाखसम्म | ५०० |
| ८४ | तमसुक र भरपाई १ करोडसम्म | १५०० |
| ८५ | वैदेशिक प्रयोजनका लागि | |
| क | नाता प्रमाणित | ५०० |
| ख | सिफारिस दस्तुर | ५०० |
| ग | सम्पत्ति मूल्याङ्कनवापत | ०.१० प्रतिशत |
| घ | आयस्रोत प्रमाणितवापत | ०.०५ प्रतिशत |
| ङ | विवाहित प्रमाणित | ५०० |
| च | अविवाहित प्रमाणित | ५०० |
| ८५ | व्यवसाय सूचीकृत | |
| ८५.१ | यस नगरपालिकामा अभिलेखीकरण तथा दर्ता भएका बाहेकका व्यवसायका लागि | १००० |
| ८५.२ | यस नगरपालिकामा दर्ता भएका व्यवसायका लागि | ५०० |
| ८६ | नगरपालिका क्षेत्रभित्र नेपाल टेलिकमले केवल तार तान्ने प्रतिखम्बा रु. १० र केवल तार प्रतिमिटर मासिक ०.१० पैसा भाडा लिने | |
| ८७ | नगरपालिका क्षेत्रभित्र विद्युत प्राधिकरणबाट गाडिएको खम्बा वार्षिक रु. १५ र केवल तार प्रतिमिटर मासिक ०.३० पैसा भाडा लिने | |
| ८८ | व्यवसाय प्रमाणपत्र प्रतिलिपि | ५०० |
| ८९ | व्यवसाय ठाउँसारी तथा नामसारी | १००० |
| ९० | माथि उल्लेखित नभएका विविध व्यवसाय | २००० |
| ९१ | व्यवसायको नाम सच्याउने तथा परिवर्तन | ५०० |

| | | |
|---|---|---|
| ९२ | कसैको कामका लागि JCB भाडामा लगेमा तेल तथा ड्राइभरको अन्य खर्च सम्बन्धित व्यक्तिले व्यहोर्ने गरी कार्यालयबाट छुटेको समयबाट प्रतिघण्टा नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने योजनाको हकमा रु. १८०० र नगरपालिका क्षेत्र बाहिर लिनुपर्नेको हकमा रु. २२००। दरले लिने | |
| ९३ | नगरपालिका क्षेत्रमा सार्वजनिक बाटो तथा स्थानमा कुनै कसैले निर्माण सामग्री थुपार्न स्वीकृति लिन आएमा प्रतिहप्ता प्रति वर्गफिट रु. ५ का दरले दस्तुर लिई राख्न स्वीकृति दिने तर कुनै कसैले बिनाअनुमति निर्माण सामग्री सडक तथा सार्वजनिक स्थानमा थुपारेको फेला पारेमा नगरपालिकाले उक्त सामान उठाएर सोझै जफत गर्नेछ। | |
| ९४ | नगरपालिकाले कसैको रकम असुल गरिदिएमा प्रति हजार रु. २ का दरले सेवा शुल्क लिने | |
| ९५ | कुनै पनि व्यवसायीले घर जग्गा भाडामा लिएर व्यवसाय सञ्चालन गरेको हकमा नवीकरण गर्न आउँदा १० प्रतिशत बहाल कर अनिवार्यरुपमा बुझाउनु पर्नेछ। | |
| ९६ | नगरपालिका क्षेत्रभित्र सडक आवागमन बाधा पारी राखेका खोका, ठेला र खाटजस्ता सामानहरू नगरपालिकाले हटाउन आदेश दिनुपर्नेछ र सो आदेशको उलङ्घन गरी नहटाएमा सो सामानहरू नगरपालिकाले उठाएर ल्याएमा त्यस्ता सामान खोकाका लागि १५ दिनभित्र उठाई लगेमा रु. ५००, ठेलाको लागि एकमुष्ठ रु. ५०० र अन्य सामानको लागि १५ दिन सम्मका लागि सो समानले उपभोग गरेको जमिन प्रति वर्गफिट रु. ५ का दरले रकम बुझाई सम्बन्धित मालधनीले सामान बुझन सक्नेछ। तर १५ दिनभित्र सामान उठाएर नलगेमा नगरपालिकाले लिलाम बिक्री गर्न सक्नेछ। | |
| ९७ | सडक सञ्चालनमा बाधा पुग्नेगरी सडकमा व्यापार गर्नेलाई सामग्रीको मूल्य र परिणाम हेरी प्रतिदिन रु. १०० देखि रु. ५००० सम्म दस्तुर तोकी अनुमति दिन सकिनेछ। | |
| ९८ | एम्बुलेन्स भाडा | |
| ९८.१ | मार्तडीदेखि बयालपाटा | ४५०० |
| ९८.२ | मार्तडीदेखि दिपायल | ७५०० |
| ९८.३ | मार्तडीदेखि डडेल्धुरा | ९००० |
| ९८.४ | मार्तडीदेखि धनगढी | १६००० |
| ९८.५ | मार्तडीदेखि नेपालगञ्ज | २२००० |

| | | |
|---|---|---|
| ९८.६ | मार्तडीदेखि चितवन | ३३५०० |
| ९८.७ | मार्तडीदेखि काठमाडौं | ४२५०० |
| ९८.८ | मार्तडीदेखि धुलाचौर | ८५०० |
| ९८.९ | मार्तडीदेखि पिलुचौर | ७५०० |
| ९८.१० | मार्तडीदेखि कोल्टी | ६५०० |
| ९८.११ | मार्तडीदेखि पाण्डुसैन | ५००० |
| ९८.१२ | मार्तडीदेखि गौमुल | २८०० |
| ९८.१३ | मार्तडीदेखि टाँटे बुढीगंगा | २५०० |
| ९८.१४ | मार्तडीदेखि डोगडी | ५००० |
| ९८.१५ | मार्तडीदेखि आटीचौर | ३५०० |
| ९८.१६ | मार्तडीदेखि तोली | ३००० |
| ९८.१७ | माथि उल्लेखित एम्बुलेन्सको भाडामा कार्यापालिकाको निर्णयका आधारमा आर्थिक विपन्न, दलित, एकल महिला ५० प्रतिशत छुट | |
| ९९ | नगरपालिकामा कर्मचारी पदपूर्तिका लागि दरखास्त आवेदन शुल्क | १००० |
| १०० | शिलबन्दी दरभाउपत्र फाराम शुल्क २० लाखसम्मको | १००० |
| १०१ | बोलपत्र फाराम शुल्क २ करोडसम्मको | ३००० |
| १०२ | बोलपत्र फाराम शुल्क १० करोडसम्मको | ५००० |
| १०३ | बोलपत्र फाराम शुल्क २५ करोडसम्मको | १०००० |
| १०४ | बोलपत्र फाराम शुल्क २५ करोडभन्दा माथि | २०००० |

## अनुसूची- १४

## दफा (१८) को उपदफा (१) सँग सम्बन्धित

## दण्ड जरिवानाको दर

| क्र.सं. | विवरण | इकाइ | करको दर रु. |
|---|---|---|---|
| १ | नगरपालिका क्षेत्रभित्र तोकिएको स्थान बाहेक अन्यत्र जथाभावी फोहर गरेमा, राखेमा वा फालेमा र जथाभावी पार्किङ् गरेमा | | पहिलो पटक रु. २००/-, त्यसपछि हरेक पटक दोब्बर |

| | | | |
|---|---|---|---|
| २ | नगरपालिका क्षेत्रबाट अवैध वा मापदण्ड विपरीत ढुङ्गा, गिटी, बालुवा, स्लेटलगायतका पदार्थहरू उत्खनन् गरेमा (स्काभेटर) | प्रति स्काभेटर | रु. १०,०००/- देखि रु. २०,०००/- सम्म |
| ३ | नगरपालिका क्षेत्रको नदी खोल्साबाट अवैध रुपमा ढुङ्गा, गिटी, बालुवा स्लेटलगायतका पदार्थहरू ढुवानी गरेमा ( ट्रक, ट्रिपर, निसान) | प्रति गाडी | रु. ५,०००/- देखि रु.२०,०००/- सम्म |
| ४ | नगरपालिका क्षेत्रबाट अवैधरुपमा काठ, दाउरा तथा काठजन्य वस्तु कटान गरी निकासा गरेमा | प्रति गाडी | निकासा भएको परिमाण जफत गरी प्रति सवारी रु.३,०००/- लिई सम्बन्धित निकायमा कानुन बमोजिम बुझाउने |
| ५ | निर्माण सामग्रीलगायतका व्यापारिक सामानहरू राखी सडक अवरोध गरेमा | | पहिलोपटक रु. ५००/-, त्यसपछि हरेक पटक दोब्बर |
| ६ | दर्ता तथा नवीकरण नगरी व्यवसाय/ उद्योग सञ्चालन गरेमा | | पहिलो पटक रु.५००/- त्यसपछि दोब्बर जरिवाना |
| ७ | नगरपालिकाले निषेध गरेका क्रियाकलाप सञ्चालन गरेमा | | नगर कार्यपालिकाले निर्णय गरे बमोजिम ५०० देखि रु.१५,०००/- सम्म |
| ८ | मदिरा बिक्री वितरण कार्यविधिमा उल्लेखित सर्तको पालना नगरेमा हुने सजाय | | पहिलोपटक रु. ५०००।– र त्यसपछि प्रतिपटक रु. १००० थप हुँदै जाने साथै सार्वजनिक पदधारण गरेकाको हकमा माथि तोकिएको जरिवानाको दोब्बर हुने। |
| ९ | माथि उल्लेखित नभएका अन्यको हकमा | | रु. ५००।- |

**नोटः** माथि (अनुसूची-१४) उल्लिखित क्षेत्रमा नगरपालिकाले निषेध गरेका कार्य गरेको फेला पारी त्यस्तो कार्य गर्ने फर्म / कम्पनी/ व्यक्ति/ संस्थालाई यस कार्यालयमा बुझाउन सहयोग गरेमा नगरपालिकाको आर्थिक ऐन बमोजिम दण्ड जरिवाना बापत प्राप्त हुन आएको राजस्व रकमको ५०% रकम सम्बन्धित सुरक्षा निकाय तथा व्यक्तिलाई प्रोत्साहन स्वरुपमा प्रदान गरिनेछ।

# आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

**बडीमालिका नगरपालिकाका सत्रौँ नगरसभाका सदस्यज्यूहरू ।**

सोह्रौं नगरसभाको शुभारम्भमा देश र जनताका लागि विभिन्न कालखण्डमा र नेपालको पछिल्लो राजनीतिक परिवर्तन सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि आफ्नो ज्यानको आहुति दिनुहुने श्रद्धेय ज्ञात अज्ञात सहिदहरूप्रति म उच्चसम्मानका साथ हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । यो गरिमामय नगरसभामा बडीमालिका नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्वित भएको छु । यो गर्विलो जिम्मेवारीका लागि नगरसभाका सम्पूर्ण सदस्यहरू र कार्यालयका कर्मचारीहरूबाट भएको महत्त्वपूर्ण योगदानलाई स्मरण गर्दै अहोरात्र खटेर दिनुभएको साथ सहयोगका लागि म हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्राकृतिक सम्पदाले सम्पन्न हाम्रो बडीमालिका नगरपालिकामा अथाह सम्भावना छन् । पर्यटन विकासका लागि बडीमालिका भूस्वर्ग हो । बाइस पाटन, पोरखे लेक, विरेखोला झरना, बुढाकोर्ध, ढक्कने क्षेत्र, दहडाँडा र बडीमालिकाको जल, जमिन र जङ्गलका जैविक विविधताको फूलबारी देखेर नलोभिने को होला ! तराईको जस्तै लहलह धानका बाला झुल्ने रापक, रिला, भौनेराका हरिया फाँटहरूदेखि मना, कोर्ध, ढम्कने, रजाली, पिनालेक, पाटा र सल्यानाका समतल र भिरालो पाखाहरूबाट हाम्रो नगरपालिकाको समृद्धिका सम्भावनाहरू उजागर हुन्छन् । केवल २७६ वर्ग किलोमिटर क्षेत्रफलको भूगोलमा धान बालीदेखि कोदो, फापर, कागुनुसम्म, आँपदेखि स्याउसम्मका खाद्यान्न र फलफूल उत्पादनहरूले हाम्रो नगरपालिका जैविक विविधताको धनी रहेको पुष्टि हुन्छ ।

बडीमालिका नगरपालिका देवभूमि हो । यो ऋषिमुनिहरूको तपोभूमि हो । वैदिक वाङ्मय स्कन्ध पुराणको मानसखण्डमा वर्णित दक्ष प्रजापति, महादेव, सतीदेवी र मल्लागिरी पर्वतका प्रसङ्गहरूले हाम्रो विराट ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पृष्ठभूमिलाई स्मरण गराउँदछ । सतीदेवीको अङ्ग पतन भएको मल्लागिरी पर्वत कालान्तरमा बडीमालिका देवी उत्पत्ति भई विराजमान रहनुभएको देशकै प्रमुख धार्मिकपीठको रूपमा चीरपरिचित छ ।

**नगरसभा सदस्यज्यू,**

हाम्रो प्रत्येक आर्थिक वर्षको नीति तथा कार्यक्रम हाम्रो भूधरातल, जैविक विविधता र धार्मिक तथा सांस्कृतिक विरासतबाट निर्देशित हुनुपर्दछ। यही धरातलमा हामीले कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, विज्ञान प्रविधि, भौतिक पूर्वाधार, पर्यटन, सामाजिक, सांस्कृतिक र मानव संसाधन आदिको योजना बनाउन वाञ्छनीय हुन्छ र आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम पनि यिनै हाम्रो मौलिक पृष्ठभूमिबाट निर्देशित छ। नेपाल सरकारको सोह्रौं पञ्चवर्षीय योजना, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय मञ्चका विश्वव्यापी मूल्यमान्यता र रणनीतिहरूसमेत हाम्रा प्रमुख मार्गनिर्देशन हुन्। राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चका रणनीतिक योजना तथा मार्गनिर्देशनहरूलाई हाम्रो मौलिक परिवेशका सम्भावनासँग समाहित गरी स्थानीयकरण गर्नु आजको आवश्यकता हो। अतः उल्लिखित कानुनी प्रावधान, हाम्रो वस्तुस्थिति, धार्मिक तथा सांस्कृतिक सम्भावनाहरूको आधारमा आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तय गरिएको म यो सम्मानित सभालाई जानकारी गराउन पाउँदा अत्यन्तै हर्षित छु। वार्षिक नीति तथा कार्यक्रमहरू यो गरिमामय सभामा राख्नुअघि आर्थिक वर्ष २०८१/०८२ मा पन्ध्रौं नगरसभाबाट पारित नीति, कार्यक्रम तथा बजेटबाट प्राप्त उपलब्धिहरूको समीक्षागत विवरण राख्न म अनुमति चाहन्छु।

## आर्थिक वर्ष २०८१/०८२ का मुख्य उपलब्धिहरू

**आर्थिक वर्ष २०८१/०८२ मा निम्न प्रमुख उपलब्धिहरू हासिल भएका छन्:**

- **कृषि उत्पादनमा वृद्धि:** रैथाने बालीको संरक्षण, कृषकलाई तालिम, उत्पादनमा आधारित अनुदान, बीउबिजन वितरण र कृषि आधुनिकीकरणका सामग्री वितरण गरी कृषि उत्पादनमा उत्साहजनकरूपमा वृद्धि भएको छ।
- **उद्योग तथा पूर्वाधार:** कोदो बिस्कुट उद्योगका लागि मेसिन खरिद प्रक्रियामा रहेको र कृषि उपज सङ्कलन तथा कोल्ड चेम्बर पूर्णक्षमतामा सञ्चालन हुने अन्तिम तयारीमा छ।
- **शिक्षाको गुणस्तर अभिवृद्धि:** 'विश्वास (विद्यालय स्वास्थ्य सचेतना) अभियान' मार्फत सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तरमा सुधार ल्याइएको छ र २ वटा विद्यालयमा 'पढ्दै कमाउँदै अभियान' सुरु भएको छ। स्नातक तह उत्तीर्ण गरी विवाह गर्ने किशोरीहरूलाई सम्मान गर्ने कार्यले महिला शिक्षामा सकारात्मक प्रभाव पारेको छ। परम्परागत रैथाने सीप तथा कृषि सिकाइलाई स्रोतकेन्द्रको रूपमा विकास गरिएको छ।
- **स्वास्थ्य सेवामा पहुँच:** १० शैयाको अस्पताल निर्माणको अन्तिम चरणमा रहेको छ र 'घरघरमै

स्वास्थ्य जाँच' कार्यक्रमअन्तर्गत विभिन्न वडा तथा पालिकामा स्वास्थ्य शिविरहरू सञ्चालन गरिएका छन्।

- **पर्यटन प्रवर्धन:** 'बडीमालिका तीर्थयात्रा वर्ष'लाई निरन्तरता दिँदै आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्यामा वृद्धि भएको छ। सांस्कृतिक सङ्ग्रहालय, धर्मशाला र खर्क स्टेको अवधारणालाई अगाडि बढाइएको छ। बडीमालिकाको पदमार्ग सर्किट निर्माण गरिएको छ। सुदूरपश्चिम प्रदेश सरकार र पालिकाको समन्वय, सहकार्य र लगानीमा सोतापाटन बुढीमाईको थानको छेउ र बासुधाराको फेदीमा धर्मशाला, शौचालय र पानीको धारासहित निर्माण कार्य सञ्चालन गरिएको छ।
- **पूर्वाधार विकासमा तीव्रता:** बसपार्क पूर्णक्षमतामा सञ्चालनमा ल्याउने गरी काम भएको छ। ४ वटा सहरी स्वास्थ्य केन्द्रको निर्माण, ६ वटा नयाँ सडक निर्माणको सुरुवात र १२ वटा सडक स्तरोन्नतिको काम सम्पन्न भएको छ। रजाली-अम्लिस सडक कालोपत्रे थालनी र बसपार्क निर्माणको कार्य सम्पन्न भएको छ।
- **सुशासन र सेवा प्रवाहमा सुधार:** 'कागजविहीन बडीमालिका सरकार' को अवधारणालाई थप सुदृढ गर्दै एकीकृत सूचना व्यवस्थापन प्रणालीलाई पूर्णरूपमा कार्यान्वयनमा ल्याउनुका साथै डिजिटल ठेगाना QR कोडसहितको घर नम्बर प्लेट टाँस्ने कामको थालनी भएको छ। विपद्को सूचना, नागरिकको गुनासो, प्रशंसालगायतका नागरिकका प्रतिक्रिया लिने अनलाइन प्रणालीको विकास भएको छ।
- **रोजगारी सिर्जना:** युवा लक्षित कृषि उद्यम, महिला अचार तालिम र लघुउद्यमी सिर्जनाजस्ता कार्यक्रमहरूमार्फत करिब ७० जना नयाँ रोजगारी सिर्जना हुने अपेक्षा लिइएको छ। रैथाने सीपअन्तर्गत राडीपाखी सीप विकास तालिम सञ्चालन भएको छ।
- **वातावरण संरक्षण:** 'क्लिन बडीमालिका र ग्रिन बडीमालिका अभियान'लाई प्रभावकारी बनाई फोहोर व्यवस्थापन र हरियाली प्रवर्धनमा ठोस परिणाम हासिल गरिएको छ।

## आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित नीति तथा कार्यक्रमहरू

अब म आगामी आर्थिक वर्ष नगरपालिकामा सञ्चालन हुने विषयगत प्रमुख नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु:

### १. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

- **मौलिक कार्यक्रमको निरन्तरता:** बडीमालिका नगरपालिकाको मौलिक कार्यक्रमको रूपमा गत वर्षदेखि सञ्चालनमा आएको 'विद्यालय स्वास्थ्य सचेतना अभियान (विश्वास)'

र 'कृषि, पर्यटन र यातायात (कृपया)' कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ। गत र चालु आर्थिक वर्षका अनुभवहरूलाई पृष्ठपोषणको रूपमा लिँदै आगामी वर्षमा कार्यक्रमलाई प्रभावकारी बनाउन परिमार्जनसहित विस्तार गरिनेछ।

- **विकास बहस:** समग्र नगरपालिकाको विकास गर्नका लागि "विकास बहस" कार्यक्रम सञ्चालन गरिनेछ।

## २. कृषि विकास सम्बन्धी नीति तथा कार्यक्रम

कृषि क्षेत्रको समग्र विकासका लागि उत्पादनदेखि बजारीकरणसम्मका प्रक्रियाहरूलाई सुदृढ गर्ने नीति तथा कार्यक्रम प्रस्तावित गरिएको छ।

- **कृषि एम्बुलेन्स:** कृषि उपजको ढुवानीलाई सहज, सस्तो र प्रभावकारी बनाउन कृषि एम्बुलेन्स परिचालन नीति लिइनेछ।
- **कृषि उद्यम कार्यक्रम:** "आर्थिक समृद्धिको पहिलो आधार कृषि नै हो, पहिलो पूर्वाधार" भन्ने अभियानमार्फत 'कृषि उद्यम कार्यक्रम' लाई निरन्तरता दिइनेछ।
- **कोदो बिस्कुट उद्योग:** सङ्घीय र प्रदेश सरकारको कृषि आधुनिकीकरणका कार्यक्रमहरूसँग समन्वय गरी नगरपालिका र स्थानीय कृषकहरूको साझेदारीमा "बडीमालिका कोदो बिस्कुट उद्योग" लाई पालिकाको गौरवको आयोजनाका रूपमा पूर्णक्षमतामा सञ्चालन गरिनेछ र यसको बजारीकरणमा जोड दिइनेछ।
- **एकीकृत कृषि प्रशोधन उद्योग:** "रैथाने उपहार गाउँको, भान्सामा लहर शहरको" योजना अनुरूप सार्वजनिक, निजी, साझेदारी (PPP) मा एकीकृत कृषि प्रशोधन उद्योग स्थापना गरी उत्पादित वस्तुको बजारीकरण गर्न अन्तरपालिका भगिनी सम्बन्ध स्थापित गरिनेछ।
- **बजार सुनिश्चितता:** "तपाईंको उत्पादन, हाम्रो बजार" भन्ने नारालाई आत्मसात् गर्दै कृषकहरूले उत्पादन गरेका कृषि उपजहरूको बजार सुनिश्चितताका लागि नगरपालिकाले कृषि उत्पादन खरिद, बिक्री र ढुवानीको व्यवस्था गर्ने नीति लिइनेछ।
- **न्यूनतम समर्थन मूल्य र भण्डारण:** प्राथमिकता प्राप्त बालीहरूको न्यूनतम समर्थन मूल्य तोकिनेछ। निर्माणाधीन शीतगृह, भण्डारण, वितरणकेन्द्र र कृषि बजार यसै वर्ष पूर्णक्षमतामा सञ्चालन गरिनेछ।
- **कृषि सहकारी/समूहलाई प्रोत्साहन:** कृषकहरूलाई सीप र सम्मान, हातमा नगद, भकारीमा उत्पादन र सहकारीमा बचत गर्न प्रोत्साहन गरिनेछ।

- **पर्यटकीय होटलमा रैथाने परिकार:** नगरभित्रका पर्यटकीय होटेलको मेनुमा कोदोलगायतका रैथाने परिकार राख्न अभियान चलाइनेछ।
- **स्थानीय उत्पादनको प्रदर्शनी:** नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा सबै वडाध्यक्षहरूको कार्यकक्षमा स्थानीय कृषकहरूले बनाएका हलो, डोको, ग्याब्री, पञ्चेबाजालगायतका सामग्री नामसहित सजाएर राख्ने नीति लिइनेछ।
- **कृषि बीमा:** प्रदेश सरकार र सङ्घ सरकारको कृषि बीमा कार्यक्रमलाई पालिकामा लागु गरिनेछ।
- **पढ्दै-सिक्दै अभियान:** गैरसरकारी संस्थासँगको साझेदारीमा विद्यालयमा "पढ्दै सिक्दै अभियान" अन्तर्गत हप्ताको एकपटक कृषिकर्म सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- **कृषकको बारीमा प्राविधिक:** "हप्ताको एकपटक कृषि प्राविधिक कृषकको बारीमा" भन्ने अभियान सञ्चालन गरिनेछ।

### ३. पशुपन्छी सम्बन्धी नीति तथा कार्यक्रम

- **पशु बीमा:** प्रदेश र संघ सरकारको पशुबीमा कार्यक्रम लागु गरिनेछ।
- **स्थानीय फार्मलाई प्रोत्साहन:** स्थानीय लोकल कुखुरा र कालिज फार्म सञ्चालन गर्ने कृषकहरूलाई प्रोत्साहन गर्न अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ।
- **पशुपन्छी उपचार सेवा:** पशुपन्छीमा लाग्ने रोग पहिचान गरी निवारणका लागि "पशु सुरक्षा अभियान" सञ्चालन गरिनेछ।
- **बाख्रा तथा भेडा स्रोतकेन्द्र:** व्यावसायिक बाख्रा तथा भेडापालन कार्यक्रम सञ्चालन गरिनेछ र कृषकहरूलाई प्रोत्साहन स्वरूप अनुदानका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

### ४. संस्कृति तथा पर्यटन प्रवर्धन

- **पर्यटन विकास समिति गठन:** प्रसिद्ध धार्मिक, सांस्कृतिक र ऐतिहासिक बडीमालिका पर्यटकीय क्षेत्रलगायत कालाजाग्रा, बिरेखोला झरना, दहडाँडा, जाल्पादेवी, देनजुगाडा दरबार, कैलाश र खापरजस्ता गन्तव्यहरूको संरक्षण र विकासका लागि "बडीमालिका पर्यटन विकास समिति" गठन गरिनेछ।
- **पुरातात्त्विक मन्दिर निर्माण:** मार्तडी उपरकोटमा रहेको बडीमालिका मन्दिरलाई पुरातत्त्व विभागको समन्वयमा पुरातात्त्विक ढाँचामा निर्माण गरिनेछ।

- **प्रचारप्रसार र डिजिटल नक्सा:** पर्यटकीय गन्तव्यको विविधीकरण र प्रचारप्रसार गर्न विभिन्न पालिका तथा प्रदेश राजधानीमा होर्डिङबोर्ड र बडीमालिकाक्षेत्रको डिजिटल अफलाइन नक्साको सेवा विस्तार गरिनेछ।
- **बडीमालिका तीर्थयात्रा निरन्तरता:** बडीमालिकाको पर्यटन प्रवर्धनका लागि धर्मशालाको मर्मतसम्भार, खानेपानी व्यवस्थापन र अन्तरप्रदेश तथा अन्तरपालिका प्रचारप्रसारका कार्यक्रम सञ्चालन गरिनेछ।
- **श्रव्यदृष्टि निर्माण:** बडीमालिका मन्दिर बाइस पाटनलगायत सम्पूर्ण नगरक्षेत्रको पर्यटन प्रवर्धनका लागि नगरगीतसहित श्रव्यदृश्य निर्माण गरिनेछ।
- **सडक र पदमार्ग स्तरोन्नति:** मार्तडी-सोतापाटन पर्यटकीय सडकलाई स्तरोन्नति गरिनेछ। साथै, सोतापाटनदेखि बडीमालिका मन्दिरसम्म पदमार्ग, विश्राम स्थल, शौचालय, खानेपानी र घोडापाटनदेखि भित्तोचिर्नासम्म झुलुङ्गे पुल निर्माण गरिनेछ।
- **सांस्कृतिक सङ्ग्रहालय:** स्थानीय पर्यटन प्रवर्धनका लागि मार्तडी बजारमा संस्कृति झल्किने सांस्कृतिक सङ्ग्रहालय निर्माण गरिनेछ।
- **परम्परागत बाजा संरक्षण:** धार्मिक पूर्वाधार निर्माण तथा सांस्कृतिक सम्पदाको प्रवर्धन गरी परम्परागत स्थानीय बाजा संरक्षण गर्ने नीति लिइनेछ।
- **सम्भाव्यता अध्ययन:** बडीमालिका पर्यटकीय क्षेत्रमा पोटवे, केबलकार, प्याराग्लाइडिङ, स्की, उच्चक्षेत्रमा खेलकुद तथा फिल्मीक्षेत्रको व्यावसायिक गन्तव्य बनाउन सम्भाव्यता अध्ययन गरिनेछ। यसका लागि सार्वजनिक निजी साझेदारी मोडेलको नीति लिइनेछ।
- **पदमार्ग अनुमति र डिजिटल म्याप:** बडीमालिका क्षेत्रको पर्यटन प्रवर्धन गर्न पदमार्ग अनुमति, डिजिटल म्याप र प्रिन्ट नक्सा प्रकाशित गरिनेछ।

**५. उद्योग तथा व्यवसाय**

- **साना तथा घरेलु उद्योग प्रवर्धन:** स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको प्रवर्धनका लागि व्यावसायिक तथा सिपमूलक तालिम सञ्चालन गरिनेछ।
- **व्यवसाय दर्ता र कालोबजारी नियन्त्रण:** दर्ता नभएका व्यवसायलाई अनिवार्य दर्ता प्रक्रियामा ल्याइनेछ र कालोबजारी नियन्त्रण गरिनेछ।
- **भुक्तानीका लागि व्यवसाय दर्ता अनिवार्य:** नगरपालिकाबाट हुने भुक्तानीका लागि व्यवसाय दर्ता प्रमाणपत्र अनिवार्य गरिनेछ।

- **सहकारीको क्षमता अभिवृद्धि:** सहकारीको लेखा व्यवस्थापनका लागि कोपोमिस (COPOMIS) प्रणालीलाई प्रभावकारी बनाइनेछ र साना सहकारीहरूलाई एकीकृत गरी पुँजी विस्तारमा जोड दिइनेछ।
- **सार्वजनिक निजी साझेदारी:** निजीक्षेत्रको विकास र दिगो आम्दानीका लागि सार्वजनिक निजी साझेदारीका आयोजनालाई प्राथमिकता दिइनेछ।

## ६. पूर्वाधार विकास

- **सडक स्तरोन्नति:** नगरका सबै वडाकेन्द्र तथा बस्तीहरू जोड्ने सडकहरूको स्तरोन्नति तथा विस्तारलाई निरन्तरता दिइनेछ।
- **नगर आवास कार्यक्रम:** सबैको सुरक्षित आवास सुनिश्चित गर्न "नगर आवास कार्यक्रम" सञ्चालन गरिनेछ।
- **मर्मतसम्भार कोष:** योजनाको धरौटी रकमबाट "मर्मतसम्भार कोष" स्थापना गरी भौतिक संरचनाहरूको मर्मतमा प्रयोग गरिनेछ।
- **नक्सापास र घर नम्बरिङ्:** अनिवार्य मापदण्डअनुसार घर निर्माण गर्ने नीति लिइनेछ र डिजिटल प्रविधिबाट घर नम्बरिङ् गरिनेछ।
- **बसपार्क व्यवस्थापन:** निर्माणाधीन बसपार्क सञ्चालनमा ल्याई पार्किङलाई व्यवस्थित गरिनेछ।
- **विद्युत् सेवा विस्तार:** विद्युत् सेवा नपुगेका क्षेत्रहरूमा लाइन विस्तार गरिनेछ।
- **खानेपानी सुविधा:** सबै घरधुरीमा खानेपानी सुविधा विस्तारका लागि प्रदेश एवम् सङ्घीय सरकारसँग साझेदारी गरिनेछ।
- **खानेपानी मुहान संरक्षण र ढल निकास:** खानेपानी मुहान संरक्षण तथा मार्तडी बजारको अव्यवस्थित ढल निकास र पाइपलाइन व्यवस्थापन गरिनेछ।
- **अस्पताल भवन निर्माण:** निर्माणाधीन १० शैयाको अस्पताल भवन यसै आर्थिक वर्षमा सम्पन्न गरी सेवा सञ्चालनमा ल्याइनेछ।

## ७. सञ्चार तथा सूचना प्रविधि

- **प्रविधिमैत्री प्रशासन:** "प्रविधिमैत्री प्रशासन, विकास, समृद्धि र सुशासन" नारालाई साकार पार्न 'पेपरलेस बडीमालिका सरकार' को अवधारणालाई निरन्तरता दिइनेछ।
- **हेलो मेयर कार्यक्रम:** जनगुनासो तत्काल सम्बोधन गर्न 'हेलो नगर' कार्यक्रमलाई निरन्तरता

दिइनेछ।

- **पत्रकार क्षमता विकास:** स्थानीय पत्रकारहरूको क्षमता विकास कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ।
- **लोककल्याणकारी विज्ञापन:** लोककल्याणकारी विज्ञापन नीति यसै वर्षबाट लागु गरिनेछ।
- **नवप्रवर्तन साझेदारी कोष:** नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि साझेदारी कोष स्थापना गरिनेछ।

## ८. सामाजिक विकास

### क) शिक्षा

- **विद्यालय समायोजन र विश्वास अभियान:** 'नगर प्रमुखसँग विश्वास अभियान' मार्फत विद्यालयको मूल्याङ्कन र नक्साङ्कन गरी भूगोल र विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय समायोजन गरिनेछ।
- **नमुना विद्यालय विकास:** दिवा खाजा स्रोतकेन्द्र, आवासीय विद्यालय र प्राविधिक धारका विद्यालयलाई 'विश्वास अभियान'सँग जोडेर नमुना विद्यालयको रूपमा विकास गरिनेछ।
- **'पढ्दै कमाउँदै अभियान':** माध्यमिक विद्यालयहरूमा 'एक विद्यालय, एक परियोजना' मार्फत 'पढ्दै कमाउँदै अभियान' सञ्चालन गरिनेछ।
- **दिवा खाजा कार्यक्रम:** गैरसरकारी संस्थासँगको साझेदारीमा दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- **प्राथमिक उपचार चेतना:** विद्यालयमा स्वास्थ्य, पोषण, सरसफाइ र आधारभूत प्राथमिक उपचारसम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- **प्रविधिमैत्री शिक्षा:** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरका लागि प्रविधिमैत्री नीति लिइनेछ।
- **छात्रवृत्ति कार्यक्रम:** 'नगर उपप्रमुख छात्रा छात्रवृत्ति' कार्यक्रमलाई निरन्तरता दिइनेछ। संस्थागत विद्यालयमा विपन्न विद्यार्थीका लागि छात्रवृत्ति अनिवार्य गरिनेछ र सामुदायिक विद्यालयका विपन्न विद्यार्थीलाई एकीकृत छात्रवृत्ति कोषबाट छात्रवृत्ति उपलब्ध गराइनेछ।
- **आवासीय विद्यालय:** असहाय बालबालिकाहरूको अभिभावकत्व नगरपालिकाले

लिई सत्यवादी माविलाई आवासीय विद्यालयको रूपमा सञ्चालनमा ल्याइनेछ।

- **सरकारी सेवा तयारी कक्षा:** सरकारी सेवामा प्रवेशका लागि तयारी कक्षा तथा वैदेशिक रोजगारीमा जानेहरूका लागि भाषा कक्षाको व्यवस्था गरिनेछ।
- **"एक टोल, एक गुरु" अभियान:** स्थानीय स्वयंसेवकहरू परिचालन गरी नैतिक शिक्षा, नवीनतम प्रविधि र स्थानीय सीप विकासमा सहयोग गरिनेछ।
- **"गाउँले गुरु" कार्यक्रम:** महिनाको एक शुक्रबार समुदायका व्यक्तिहरूले विद्यालयमा जीवनोपयोगी सीपसम्बन्धी प्रशिक्षण दिने व्यवस्था मिलाइनेछ।
- **वैकल्पिक शिक्षक व्यवस्था:** शिक्षक बिदामा रहँदा कक्षा निरन्तरताका लागि वैकल्पिक शिक्षकको व्यवस्था गरिनेछ । विद्यालयसँग सम्बन्धित कार्यक्रमहरू शुक्रबार वा बिदाको दिनमा मात्र सञ्चालन गरिनेछ।
- **पुरस्कार नीति:** सिकाइ उपलब्धि र कार्यसम्पादनका आधारमा शिक्षक, विद्यालय र व्यवस्थापन समितिलाई पुरस्कृत गरिनेछ।

**ख) स्वास्थ्य**

- **स्वास्थ्य संस्थाको सुदृढीकरण:** स्वास्थ्य संस्थाको भौतिक संरचना निर्माण गरी आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय बनाइनेछ।
- **'विद्यालयमा महिला स्वास्थ्यकर्मी' कार्यक्रम:** विद्यालयमा स्वास्थ्य समस्या न्यूनीकरणका लागि यो कार्यक्रमलाई क्रमशः सबै विद्यालयमा विस्तार गरिनेछ।
- **'घरघरमै स्वास्थ्य जाँच':** महिनामा एक पटक 'घरघरमै स्वास्थ्य जाँच' र विद्यालयमा तीन महिनामा एकपटक जाँच गरी अभिलेखीकरण गरिनेछ।
- **बृहत् स्वास्थ्य शिविर:** सहयोगी दातासँगको समन्वयमा विशेषज्ञ स्वास्थ्य सेवासहितको बृहत् स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- **विपन्न नागरिक उपचार सहायता:** विपन्न नागरिक उपचार सहायता कार्यक्रमलाई निरन्तरता दिई अति गरिब तथा असहाय नागरिकलाई बीमा प्रिमियममा ५०% सम्म अनुदान दिइनेछ।
- **प्रविधिमैत्री स्वास्थ्य संस्था:** प्रत्येक स्वास्थ्य संस्थालाई प्रविधिमैत्री बनाइनेछ।
- **क्षमता अभिवृद्धि:** स्वास्थ्यकर्मी र महिला स्वयंसेविकाहरूको क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिनेछ।

- **जडीबुटी र आयुर्वेद:** जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रसँगको सहकार्यमा जडीबुटी प्रसोधनकेन्द्र सञ्चालनमा ल्याइनेछ । योगाभ्यास, क्षारसूत्र सेवा र आयुर्वेद गाउँघर क्लिनिक सञ्चालन गरिनेछ ।
- स्वास्थ्य सेवाको पहुँच र उपयोगिता बढाउन सूचना प्रविधिको माध्यमबाट स्वास्थ्य सन्देश पुऱ्याउने प्रणालीलाई नीतिमार्फत प्रोत्साहन गरिनेछ ।
- **"मनका कुरा":** स्थानीयस्तरमा मानसिक स्वास्थ्य साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- **डिजिटल स्वास्थ्य रणनीति:** डिजिटल स्वास्थ्य रणनीतिक योजना २०८२–२०८५ कार्यान्वयन गरिनेछ ।
- **विशेषज्ञ सेवा:** दश शैयाको नगर अस्पतालमा विशेषज्ञ सेवा सञ्चालनका लागि साझेदार निकायसँग समन्वय गरिनेछ ।

### ग) युवा तथा खेलकुद

- **युवाको पहुँच:** युवाहरूको प्रविधि, उद्यम, व्यवसाय र नीति निर्माणमा अर्थपूर्ण पहुँच स्थापित गराइनेछ ।
- **खेलकुद विकास:** नगरस्तरीय खेलकुद विकास समितिमार्फत खेलकुद प्रशिक्षण तथा प्रतियोगिताहरू सञ्चालन गरिनेछ ।
- **कभर्ड हल र खेल मैदान:** मार्तडीमा रहेको कभर्ड हल तथा सुविधासम्पन्न प्रदेशस्तरको खेल मैदान निर्माण गरी यसै आर्थिक वर्षमा सञ्चालनमा ल्याइनेछ ।
- **रोजगारी सिर्जना:** आप्रवासनमा रहेका कामदारसँग सम्बन्धित विभिन्न अभियान सञ्चालन गरिनेछ ।
- **अनिवार्य श्रमदान:** "बडीमालिका नगरपालिकाको सान, महिनाको १ दिन अनिवार्य श्रमदान" अभियानलाई निरन्तरता दिइनेछ ।

## ९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### क) बालबालिका

- **बालविवाह र बालश्रममुक्त वडा:** वडाहरूलाई बालविवाह र बालश्रममुक्त घोषणा गरिनेछ । सन् २०३० सम्ममा बालमैत्री स्थानीय शासन घोषणा गर्ने लक्ष्य अनुरूप कार्यक्रम ल्याइनेछ ।

- **अभिभावकत्व र आवासीय विद्यालय:** संरक्षणको आवश्यकता भएका बालबालिकाहरूको अभिभावकत्व नगरपालिकाले लिनेछ।

**ख) महिला सशक्तीकरण**

- **सामाजिक पोषण भत्ता:** ४५ वर्ष पूराभएका एकल महिला, ५० वर्षका एकल पुरुष तथा 'ग' वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई उपलब्ध गराईँदै आएको सामाजिक पोषण भत्तालाई निरन्तरता दिइनेछ।
- **लैङ्गिक हिंसाविरुद्ध कोष:** लैङ्गिक हिंसा प्रभावितका लागि सहयोग कोषको रकम वृद्धि गरिनेछ।
- **'सशक्त महिला, समृद्ध नेपाल':** यो कार्यक्रममार्फत महिला सशक्तीकरण र आयआर्जनका काममा महिलाहरूलाई समावेश गरिनेछ।
- **दिवसीय कार्यक्रम:** विभिन्न दिवसीय कार्यक्रमहरू साझेदारीमा सञ्चालन गरिनेछ।
- **लैङ्गिक उत्तरदायी बजेट:** लैङ्गिकमैत्री पालिका निर्माणका लागि लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन गरिनेछ।
- **पुरुषको सहभागिता:** लैङ्गिक समानताका अभियानमा पुरुषको सहभागिता अभिवृद्धि गरिनेछ।

**ग) सामाजिक कुरीति विरुद्ध**

- **छाउपडी गोठमुक्त:** वडाहरूलाई छाउपडी गोठमुक्त घोषणा गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**घ) अपाङ्गता**

- **अधिकार सुनिश्चितता:** अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चितताका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। अपाङ्गता परिचयपत्र वितरणलाई प्रभावकारी बनाउन 'अपाङ्गता एप्स' निर्माण गरी कार्यान्वयन गरिनेछ।

**ङ) ज्येष्ठ नागरिक**

- **सम्मान र सचेतना:** ज्येष्ठ नागरिकहरूको सम्मानमा वृद्धिका लागि पारिवारिक सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- **भत्ता फिर्ता गर्नेलाई सम्मान:** सामाजिक सुरक्षा भत्ता फिर्ता गर्ने वा नलिने स्वघोषणा गर्ने नागरिकलाई सम्मान गरिनेछ।

**च) समावेशी विकास**

- **हक, अधिकार प्रवर्धन:** दलित, आदिवासी, जनजाति र पिछडा वर्गहरूको हक, अधिकार प्रवर्धन र विकासमा समावेशी सहभागिता सुनिश्चित गर्न संस्थागत सञ्जाल निर्माण गरिनेछ।
- **संस्कृति संरक्षण:** परम्परागत सीप, भाषा, लिपि तथा संस्कृतिको संरक्षणमा ध्यान दिइनेछ।
- **लक्षित कार्यक्रम:** नगरस्तरीय आदिवासी जनजाति समन्वय समितिको समन्वयमा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।
- **मुक्त हलिया पुनर्स्थापना:** मुक्त हलियाको पहिचान, प्रमाणीकरण र परिचयपत्र वितरण गरी व्यावसायिक तालिम र शैक्षिक छात्रवृत्तिमा प्राथमिकता दिइनेछ।

## १०. वन, वातावरण, विपद् व्यवस्थापन र सरसफाइ

- **हरियाली प्रवर्धन:** 'एक विद्यालय, दश फलफूलका बिरुवा', 'एक वडा, एक बगैंचा' तथा 'क्लिन बडीमालिका र ग्रिन बडीमालिका' अभियान सञ्चालन गरिनेछ।
- **जैविक विविधता संरक्षण:** जैविक विविधता संरक्षण, वातावरणीय सन्तुलन, वृक्षारोपण र आगलागी नियन्त्रणका लागि समुदायसँग साझेदारी गरिनेछ।

**क) विपद् व्यवस्थापन**

- **द्रुत सूचना प्रणाली:** विपद्को सूचना प्रवाहका लागि साइरन जडानजस्ता प्रविधिको प्रयोग गरी आपत्कालीन सेवा सुरु गरिएको छ।
- **स्वयंसेवक परिचालन:** तालिम प्राप्त स्वयंसेवक समुह परिचालन गरी सामुदायिक आपत्कालीन केन्द्र सञ्चालनमा ल्याइनेछ।
- **एकीकृत कार्य:** विपद् व्यवस्थापनका लागि सरोकारवालासँगको समन्वयमा एकीकृत रूपमा कार्य गर्ने वातावरण मिलाइनेछ।
- **वडास्तरीय तयारी:** प्रत्येक वडालाई विपद् जोखिमका आधारमा सामग्री र तालिमसहित तयारी अवस्थामा राखिनेछ।

**ख) सरसफाइ तथा फोहोर व्यवस्थापन**

- **ल्यान्डफिल्ड साइट व्यवस्थापन:** थुवा काँधमा रहेको ल्यान्डफिल्ड साइटलाई व्यवस्थित बनाइनेछ र फोहोर प्रशोधनका लागि ट्रिटमेन्ट प्लान्ट बनाउन पहल गरिनेछ।
- **'स्वच्छ सरसफाइयुक्त बडीमालिका':** प्लास्टिकको डस्टबिन विस्थापित गरी स्थानीय उत्पादन डोकोको प्रयोगलाई अनिवार्य गरिनेछ।
- **फोहोर वर्गीकरण:** फोहोरलाई स्रोतमा नै वर्गीकरण गर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ।

## ११. भूमि व्यवस्थापन

- **हिमाली नमुना सहर:** साविक मार्तडी, बाउली, गणखेल क्षेत्रमा हिमाली नमुना सहर आयोजना लागु गरी नमुना बस्ती विस्तारका लागि पहल गरिनेछ।
- **मुक्त हलिया:** मुक्त हलियाको लगत सङ्कलन गरी परिचयपत्र प्रदान गरिनेछ।
- **सुकुम्बासी व्यवस्थापन:** सुकुम्बासीको जीविकोपार्जन र बसोबास व्यवस्थापनका लागि पहल गरिनेछ।
- **ऐलानी जग्गाको लालपुर्जा:** भूमिहीन सुकुम्बासीलाई भोगचलन गर्दै आएको ऐलानी जग्गाको लालपुर्जा प्रदान गर्न पहल गरिनेछ।
- **सडक लगत कट्टा:** सडक कायम भइसकेका तर लगत कट्टा हुन नसकेका जग्गाको लगत कट्टाका लागि समन्वय गरिनेछ।

## १२. शासन प्रणाली, संस्थागत विकास र सेवा प्रवाह

- **सुशासन, जवाफदेहिता र पारदर्शिता:** प्रशासनिक प्रणालीलाई स्वच्छ, पारदर्शी र जनमैत्री बनाइनेछ। कार्यसम्पादन मूल्याङ्कन, 'हेलो मेयर' टोल फ्रि प्रणाली तथा पुरस्कार/दण्ड नीति मार्फत जवाफदेहिता अभिवृद्धि गरिनेछ।
- **न्यायिक प्रणाली सुदृढीकरण:** न्यायिक समिति सचिवालय सञ्चालन, मेलमिलाप केन्द्र स्थापना र सूचना प्रविधिको प्रयोग गरी स्थानीय न्याय प्रणालीलाई प्रभावकारी बनाइनेछ।
- **संस्थागत संरचना तथा जनशक्ति व्यवस्थापन:** सङ्गठन सर्वेक्षणका आधारमा जनशक्ति व्यवस्थापन, वृत्ति विकास र क्षमता अभिवृद्धि गरिनेछ।
- **योजना र सेवा व्यवस्थापन:** सार्वजनिक खरिद प्रणालीमा सुधार, डिजिटल नगर पार्श्वचित्र

निर्माण र एकीकृत घुम्ती सेवा शिविर सञ्चालन गरी सेवा प्रवाह व्यवस्थित गरिनेछ।

- **राजस्व प्रणाली सुधार:** राजस्वको दायरा विस्तार, प्रगतिशील कर प्रणाली, प्रविधिमैत्री कर प्रशासन र करदातालाई सम्मान तथा छुटको व्यवस्था गरिनेछ।
- **सेवा प्रवाह सुदृढीकरण:** वडा कार्यालयबाटै योजना सम्झौता, ई-हाजिरी र नागरिकको गुनासो सुनुवाइका लागि ERC प्रणाली कार्यान्वयन गरिनेछ।
- करार कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्नुका साथै, साविकका स्थानीय तहबाट आएका करार कर्मचारी र अन्य कर्मचारीहरूलाई अवकाश हुँदा निश्चित रकम दिनका लागि एउटा अवकाश कोषको व्यवस्था गरिनेछ।

### १३. अन्तरसरकारी तथा गैर-सरकारी सम्बन्ध

- **गैरसरकारी संस्थासँग समन्वय:** "सँगै बसौँ, सँगै काम गरौँ र सँगै सेवा गरौँ" भन्ने नीतिलाई आत्मसात् गरिनेछ।
- **परिचालन र अनुगमन:** गैरसरकारी संस्थाहरूको परिचालन, अनुगमन तथा प्रतिफल मापन गरिनेछ र उनीहरूका कार्यक्रम नगरको वार्षिक कार्यक्रममा समावेश गरिनेछ।
- **भगिनी सम्बन्ध:** अन्य पालिकाहरूसँग असल अभ्यास आदानप्रदानका लागि भगिनी सम्बन्ध कायम गर्न पहल गरिनेछ।

## अन्त्यमा,

सर्वदलीय र सर्वपक्षीय क्षेत्रसँग सहकार्य र समन्वय गर्ने प्रतिबद्धताका साथ यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकास र समृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरी नगर सरकारलाई रचनात्मक सल्लाह सुझाव दिने स्थानीय सम्पूर्ण राजनीतिक दलहरू, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मीहरू, निजीक्षेत्र, नागरिक समाज, सञ्चारजगत् तथा सम्पूर्ण बडीमालिकाबासी आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरूलाई हार्दिक धन्यवादज्ञापन गर्दछु।

**धन्यवाद।**

अमरबहादुर खड्का
**नगर प्रमुख**

# आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

**आदरणीय सभाध्यक्ष महोदय,**

यस नगरपालिकाको सत्रौँ नगरसभाका सभाध्यक्ष एवम् नगरप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सभाका सदस्यज्यूहरू,

आज हामी सत्रौँ नगरसभामा बडीमालिका नगरपालिकाको विकास, समृद्धि र सुशासन दीर्घकालीन सोचसहित आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएका छौ। बडीमालिका नगरपालिकाको बजेट एवम कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यो सम्मानित नगरसभासमक्ष आर्थिक वर्ष २०८२/०८३ को बजेट प्रस्तुत गरिरहँदा गौरव महसुस गरिरहेको छु।

नेपालका वीर सहिदहरूको बलिदानले नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाज निर्माण गर्ने प्रणाली स्थापित भएको छ। यस महत्त्वपूर्ण अवसरमा देश र जनताको उज्ज्वल भविष्यको लागि मुलुकलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र बनाउन आफ्नो जीवन अर्पण गर्नुहुने सम्पूर्ण सहिदप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु।

हामी जनताका आधारभूत तहका समस्या समाधानका लागि जनप्रतिनिधिको रूपमा उपस्थित भएका छौ र सम्बोधन गर्ने  प्रयास पनि गरिरहेका छौं। राजनीतिक परिवर्तनबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै प्रचलित कानुनमार्फत सेवा प्रवाहलाई प्रभावकारी र सुशासनयुक्त प्रविधिमैत्री बनाउन प्रतिबद्ध छौ।

स्थानीय तहका अधिकारक्षेत्र भनि संविधान र कानुनले परिभाषित गरेका जिम्मेवारी पूरा गर्न हामीले केही कानुन र संस्थागत संरचना निर्माण गर्दै अगाडि बढ्ने प्रयास गरेका छौं।

बजेट विनियोजन गर्दा नेपालको संविधानमा उल्लेखित राज्यका मार्गनिर्देशक सिद्धान्त तथा नीतिहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दिगो विकास लक्ष्य, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, नगरसभाले पारित नीति तथा कार्यक्रम, कार्यपालिका बैठकबाट निर्धारित बजेटका प्राथमिकता, बस्ती बस्तीका समस्या, विषयगत समिति, वडा समिति, राजस्व परामर्श समिति, विभिन्न राजनीतिक दल, सरोकारवालाहरूलगायत विभिन्न विकासका साझेदार र विज्ञहरूको सुझावलाई ध्यान दिएर बजेट तथा कार्यक्रम तय गरेका छौं।

**आदरणीय सभाध्यक्षज्यू,**

**आ.व.२०८२।०८३ को बजेटका मुख्य प्राथमिकता र उद्देश्यहरू यसप्रकार रहेका छन् :**

१. क्रमागत र अधुरा योजनाहरूलाई पहिलो प्राथमिकता प्रदान गर्ने,

२. निर्माणाधीन वडा कार्यालय भवन २, ५ र ६ लाई क्रमागतरुपमा अगाडि बढाउदै बाँकी वडाहरुका लागि आवश्यक आवश्यक ठेक्का प्रकिया अगाडि बढाउने,

३. प्रविधिमैत्री बडीमालिकाको संस्थागत विकास एवम् दिगो सञ्चालन गर्ने,

४. रैथाने बालीको संरक्षण गर्ने तथा पशुपन्छी र कृषिजन्य वस्तुको उत्पादकत्व वृद्धि गर्ने,

५. बडीमालिका नगरपालिकाको पहिचाहन स्थापित हुने खालका तथा गौरवका आयोजनाहरूलाई सङ्घ र प्रदेश सरकारसँग सहकार्यमा सञ्चालन गर्ने,

६. नगर उपप्रमुखसँग छात्रा छात्रवृत्ति कार्यक्रमलाई विस्तार गर्दै छात्रा छात्र दुवैलाई समेटिने गरी कार्यक्रम कार्यान्वयन गर्ने,

७. नगरपालिकाका सबै वडाहरूमा सडक पहुँचलाई अधिकांश महिनाहरूमा सञ्चालनको लागि आफ्नै स्वामित्वमा सञ्चालन हुने गरी व्याक हो लोडर (डोजर) परिचालित गरी सञ्चालन गर्ने,

८. पर्यटन पूर्वाधारको विकास र प्रवर्धन गर्ने,

९. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ सेवाको अभिवृद्धि गर्ने,

१०. सक्षम, सुदृढ तथा सुशासनयुक्त सेवा प्रवाहको लागि प्रविधिबाट सेवा प्रवाह गर्ने,

११. दिगो विकासका लक्ष्य, नगरपालिकाको आवधिक योजना तथा प्रदेश सरकारले लिएको लक्ष्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने,

१२. सार्वजनिक खर्चमा मितव्ययियता कायम गर्दै अनुत्पादकक्षेत्रमा खर्च कटौती गर्ने र सबै राजस्वका स्रोतहरूको परिचालन गरी करका दायरा बढाउने ।

१३. नगर आवास कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने ।

**आ.व.२०८२।०८३ को बजेटका प्राथमिकताका आधारहरू यसप्रकार रहेका छन्:**

१. आर्थिक विकास एवम् गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।

२. उत्पादकत्व तथा छिटो प्रतिफल दिने र राजस्व परिचालनमा योगदान पुऱ्याउने ।

३. स्थानीय स्रोत साधानमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने ।

४. दिगो विकासका लक्ष्य, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने ।

५. लैङ्गिक समानता र सामाजिक समावेशीकरण कायम गर्ने।

६. सेवा प्रवाह, संस्थागत विकास र सुशासन एवम् प्रविधिको प्रयोगमा योगदान पुऱ्याउने।

७. जीविकोपार्जनमा टेवा पुऱ्याउने।

**सभाध्यक्ष महोदय,**

अब म गत आ.व. २०८०।०८१ को यथार्थ आयव्यय, चालु आ.व. २०८१।०८२ को संशोधित आयव्यय र आ.व.२०८२।०८३ को अनुमानित आयव्यय प्रस्तुत गर्न चाहन्छु।

आ.व.२०८०।८१ मा प्रस्तावित आयको लक्ष्य रू. ४७ करोड ९६ लाख ३९ हजार ९ सय ८० रुपैयाँ राखिएकोमा रू. ३९ करोड ८० लाख २१ हजार १ सय ६६ रुपैयाँ २८ पैसा सङ्कलन भएको थियो।

व्ययतर्फ चालु खर्चमा रू. ३१ करोड ५८ लाख २८ हजार ४ सय ८० रूपियाँ, पुँजीगततर्फ रू. १६ करोड ३८ लाख ११ हजार ५ सय अनुमान गरिएकोमा क्रमश: चालुतर्फ रू. २७ करोड ०९ लाख २४ हजार २ सय ३५ रूपैयाँ ११ पैसा र पुँजीगततर्फ रू. ११ करोड १७ लाख ८६ लाख ५ सय १३ रूपियाँ १४ पैसा खर्च भएको छ।

चालु आ.व. २०८१।०८२ को प्रस्तावित आयको लक्ष्य रू. ४९ करोड २३ लाख २६ हजार ५ सय ५२ रूपियाँ राखिएकोमा जेष्ठ मसान्तसम्म राजस्व सङ्कलन रू. ३८ करोड २१ लाख ९२ हजार २ सय १८ रूपियाँ ९६ पैसा सङ्कलन भएको छ। यो रकम कुल लक्ष्यको ४४.७४ प्रतिशत रहेको छ। व्ययतर्फ चालु खर्चमा रू. ३५ करोड ९६ हजार ५ सय ५२ रूपियाँ र पुँजीगततर्फ रू. १४ करोड २२ लाख ३० हजार रूपियाँ अनुमान गरिएको मा क्रमश: चालुतर्फ रू. २३ करोड ६९ लाख ८१ हजार २ सय ७० रूपैयाँ र पुँजीगततर्फ रू. ४ करोड ४२ लाख ५६ हजार ६ सय ८८ रुपैयाँ ७२ पैसा खर्च भएको छ।

**आदरणीय सभाध्यक्षज्यू,**

आ.व.२०८२।०८३ मा बडीमालिका नगरपालिकामा तपसिलमा उल्लेखित स्रोतहरूबाट आम्दानी हुने लक्ष्य राखिएको जानकारी गराउँदछु। जसको सङ्क्षिप्त विवरण निम्नानुसार रहेको छ :

१. **आन्तरिक राजस्वबाट रू. ५ करोड ७९ लाख ९१ हजार ७३५ रुपैयाँ**

२. **सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान रकम**

सशर्त अनुदान चालुतर्फ रू. १६ करोड ५३ लाख

सशर्त अनुदान पुँजीगततर्फ रू. ५० लाख

वित्तीय समानीकरण अनुदानतर्फ रू. ११ करोड ३ लाख

समपूरक अनुदान तर्फ रू. १ करोड

विशेष अनुदानतर्फ रू. १ करोड ६३ लाख

जम्मा रू. ३० करोड ६९ लाख रुपैयाँ

**३. सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम**

वित्तीय समानीकरण अनुदानतर्फ रू. १ करोड २ लाख १७ हजार

समपूरक अनुदानतर्फ रू. २ करोड ४२ लाख

विशेष अनुदानतर्फ रू. ५० लाख

जम्मा रू. ३ करोड ९४ लाख १७ हजार

**४. बाँडफाँडबाट प्राप्त हुने राजस्व रकम**

सङ्घीय राजस्व बाँडफाँडबाट प्राप्त हुने रू. १० करोड ४० लाख ९ हजार २ सय २०

सुदूरपश्चिम प्रदेश राजस्व बाँडफाँडबाट प्राप्त हुने रू. ३० लाख १५ हजार

जम्मा रू. १० करोड ७० लाख २४ हजार २ सय २०

**५. सञ्चित कोषमा मौज्दात हुने अनुमान रू. १ करोड ३८ लाख ५० हजार ३ सय**

कुल जम्मा आय रू. ५१ करोड ५१ लाख ८३ हजार ३ सय हुने लक्ष्य प्रस्ताव गरेको छु।

**आदरणीय सभाध्यक्षज्यू,**

**अब म आ.व.२०८२।०८३ को विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।**

सङ्घीय सरकारको तर्फबाट सर्शत अनुदान रू. १७ करोड ३ लाख, विशेष अनुदान रू. १ करोड ६३ लाख, समपूरक अनुदान रू. १ करोड, सुदूरपश्चिम सरकारतर्फबाट समपूरक अनुदान रू. २ करोड ८२ लाखा र विशेष अनुदान रू. ५० लाखलाई तोकिएको कार्यविधिअनुरूप नै खर्च हुने गरी यस बजेटमा समावेश गरिएको छ।

## तपसिल

१. आर्थिक विकासतर्फ रू. ३ करोड १६ लाख २९ हजार

२. सामाजिक विकासतर्फ रू. २० करोड ८ लाख ८२ हजार

३. पूर्वाधार विकासतर्फ रू. १२ करोड ७२ लाख ६० हजार ६ सय

४. सुशासन तथा अन्तरसम्बन्धित सेवा प्रवाहतर्फ रू. ५३ लाखा

५. कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ रू. १५ करोड ५१ लाख १ हजार ६ सय

## आदरणीय सभाध्यक्षज्यू,

अब म वडागत, विभिन्न विषयगत शाखा र नगरकार्यपालिकाको कार्यालयको बजेट विनियोजन पेस गर्न चाहन्छु।

आ.व.२०८२।०८३ को कुल विनियोजन रकम रू. ५२ करोड १ लाख ८३ हजार ३ सयमध्ये चालुतर्फ रू. ३५ करोड २ लाख ८० हजार ६ सय रूपियाँ (६७.३३ प्रतिशत) र पुँजीगत खर्चतर्फ रू. १६ करोड ९९ लाख २ हजार ६ सय ८६ रूपियाँ (३२.६६ प्रतिशत) विनियोजन गरिएको छ।

बडीमालिकाभित्रका नौवटै वडामा चालु तथा प्रशासनिक खर्चका लागि रू. १ लाख ३० हजारका दरले रू. ११ लाख ७० हजार र पुँजीगततर्फ न्यूनतम अनुदानतर्फ रू. १ करोड २५ लाखलाई प्रति वडा न्यूनतम रू. १३ लाख ८८ हजारका दरले र सुत्रमा आधारित अनुदानमा रू. ७५ लाख रकमलाई विभिन्न सूचकाङ्कका आधारसहित चालु र पुँजीगत कम्तीमा रू. १९ लाख ५ हजार र अधिकतम रू. ३१ लाख २१ हजार बजेट विनियोजन गरेको छु।

### आर्थिक विकास समितितर्फ:

आर्थिक विकास समितितर्फ रकम रू. ३ करोड १६ लाख २९ हजार विनियोजन गरेको छु।

### कृषितर्फ:

रैथाने बाली प्रवर्धन एवम् संरक्षण, एक वडा एक उत्पादन, कृषि औजार सहयोग अनुदान, कृषि उपज ढुवानी अनुदान, कृषि हाटबजार व्यवस्थापन, आगन्तुकलाई स्थानीय उत्पादन कोसेली उपहार कार्यक्रम, फलफूलका बिरुवा रोपण, हलिया, भूमिहीन, दलित, अव्यवस्थित बसोबासीहरूका लागि आवश्यक कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छु। यस्ता क्रियाकलापहरूका लागि रू. १ करोड ५९ लाख २५ हजार बजेटको व्यवस्था गरेको छु।

### उद्योगतर्फ:

नगर प्रमुखसँग कृषि उद्यम कार्यक्रमअन्तर्गत कोदोको बिस्कुट, कुकिज निर्माण गर्ने उद्योग सञ्चालनका लागि रू. १० लाख बजेट विनियोजन गरेको छु। लघुउद्यम सिर्जना तथा विकास विस्तारसहित व्यवसाय सुधारका

लागि आवश्यक बजेट विनियोजन गरेको छु। उद्योगतर्फ कुल रू. ४४ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

**पर्यटनतर्फ:**

विरेखोला झरना संरक्षण एवम् व्यवस्थापन, बडीमालिका पर्यटन विकास समितिको स्थापना, पर्यटकलाई पिकनिक स्थलजस्ता पर्यटकीयक्षेत्र व्यवस्थापनका लागि रू. ९ लाख ५३ हजार बजेट विनियोजन गरेको छु।

**वित्तीयक्षेत्र एवम् सहकारीतर्फ:**

सहकारी संस्थाको क्षमता विकास, कर सचेतना तथा करदाता सम्मान कार्यक्रम, सहकारी प्रवर्धन, कोपोमिस सञ्चालनजस्ता क्रियाकलापहरूका लागि रू. ५ लाख बजेट विनियोजन गरेको छु।

**सिँचाइतर्फ:**

साना सिँचाइ मर्मतसुधारतर्फ टोड्के नगाने रापक सिँचाइ कुलो निर्माणका लागि रू. ५० लाखसहित अन्य विभिन्न सिँचाइ कुलो निर्माण एवम् मर्मत सुधारका लागि जम्मा रू. ९४ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

**पशुपन्छीतर्फ:**

पशु शिविर, पशु औषधी खरिद, आधुनिक बङ्गुर बधशाला निर्माण, बाख्राका खोर निर्माण सुधार, बाख्रा प्रवर्धन, कृत्रिम गर्भाधान, गोठसुधार कार्यक्रम कालिज फर्म व्यस्थापनजस्ता कार्यक्रमका लागि रू. १० लाख २० हजार बजेट विनियोजन गरेको छु।

**भूमि व्यवस्था:**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबास र हलिया परिचयपत्र व्यस्थापनका लागि रू. २ लाख ४६ हजार बजेट विनियोजन गरेको छु।

**सामाजिक विकास समितितर्फ:**

सामाजिक विकास समितितर्फ रकम रू. २० करोड ८ लाख ८२ हजार विनियोजन गरेको छु।

**शिक्षातर्फ:**

पढ्दै सिक्दै कमाउँदै कार्यक्रमका लागि रू. २ लाख, बडीमालिका नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण विद्यालयहरुको फर्निचर स्मार्टबोर्ड र घेरबार पर्खाल निर्माणका लागि रू. १ करोड ६३ लाख, सामुदायिक विद्यालय भवन निर्माणका लागि रू. १ करोड, सत्यवादी मा.वि.को आवासीय विद्यालय सञ्चालनका लागि रू. ६ लाख, विद्यालय व्यवस्थापन, छात्राहरूको लागि स्यानेटरी प्याड वितरण, अधुरा विद्यालयको भवन नगर शिक्षा योजना, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, शिक्षक बैंक व्यवस्थापन गर्ने र परीक्षा व्यवस्थापनजस्ता क्रियाकलापहरूका लागि रू. १३ करोड ८८ लाख ४५ हजार रकम विनियोजन गरेको छु।

**स्वास्थ्यतर्फ:**

नगरपालिकामा रहेको १० शैया अस्पताल व्यवस्थापन, विभिन्न रोग निधानका लागि स्वास्थ शिविर सञ्चालन कार्यक्रम, ट्याली मेडिसिन, औषधी खरिद, विपन्न नागरिक उपचार सहायता, नगरवासीको एकीकृत स्वास्थ्य सूचनामार्फत रिफरल केन्द्र स्थापनाजस्ता कार्यक्रमहरूका लागि रू. २ करोड ९७ लाख ४२ हजार रकम विनियोजन गरेको छु।

**खानेपानी तथा सरसफाइतर्फ:**

गौमुल-दर्ना-पिनालेक खानेपानी निर्माणका लागि रू. २५ लाख, सिमसेला खानेपानी, गैरीबजार खानेपानी, आरुपाटा खानेपानीलगायतका आयोजनाहरूका लागि रू. १ करोड २२ लाख ९० हजार बजेट विनियोजन गरेको छु।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवम् संरक्षणतर्फः**

नगर उपप्रमुखसँग छात्रवृत्ति कार्यक्रमका लागि रू. १० लाख, बालसंरक्षण कोषको लागि रू. २ लाख, लैङ्गिक हिंसा निवारण कोषका लागि रू. २ लाख, अपाङ्गता भएका व्यक्तिको जीविकोपार्जन तथा आयआर्जनका लागि रू. १ लाखलगायत महिला, बालबालिका, दलित, जनजाति, जेष्ठ नागरिक, अपाङ्ग, लैङ्गिक हिंसा न्यूनीकरणसहितका लक्षित कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु। सुरक्षित आवासगृह तथा अन्य सङ्घसंस्थासँग साझेदारी, पोषण कार्यक्रम, रोजगारी सिर्जना, पत्रकार क्षमता विकास एवम् सम्मान कार्यक्रम, शैक्षिक आमा समुह परिचालनजस्ता कार्यक्रहरूका लागि रू. ५३ लाख २५ हजार बजेट विनियोजन गरेको छु।

५० वर्ष उमेर पूराभएका एकल पुरुष, ४५ वर्ष पूराभएका अविवाहित एकल महिला र 'ग' वर्गका अपाङ्गता भएका व्यक्तिहरुका लागि सामाजिक सुरक्षा भत्ता कार्यक्रम र छाउपडीजन्य हिंसा अन्त्यका लागि सरोकारवाला निकाय र धामी पुरोहितसँग अभिमुखीकरण सचेतना अभियानलाई निरन्तरता दिएको छु।

**युवा तथा खेलकुद भाषा संस्कृतितर्फः**

राष्ट्रपति रनिङसिल्डका लागि रू. ३० लाख, विभिन्न खेलको माध्यमबाट युवाहरूलाई अनुशासित स्वस्थ्य बनाउने तथा स्थानीय भाषा संस्कृतिको संरक्षण सम्वर्धनजस्ता क्रियाकलापहरूका लागि रू. ३५ लाख ८० हजार बजेट विनियोजन गरेको छु।

**पूर्वाधार विकासतर्फः**

पूर्वाधार विकासतर्फ रकम रू. १२ करोड ७२ लाख ६० हजार ६ सय ८६ रुपैयाँ विनियोजन गरेको छु।

**यातायात पूर्वाधारतर्फः**

मार्तडी बजारक्षेत्रका ढल निकास व्यवस्थापनका लागि रू. ४० लाख, नुवाकोट ढल निकासका लागि रू. ५ लाख, बडीमालिका नगरपालिकाभित्रको विभिन्न स्थानमा नयाँ सडक कटिङका लागि रू. ४५ लाख, सङ्घ र प्रदेश समपूरक योजनाको लागि साझेदारीतर्फ रू. २ करोड, नगरस्तरीय मर्मत कोषतर्फ रू. ५० लाख भुक्तानी दिन बाँकी योजनाको दायित्वको लागि रू. ३ करोड ७५ लाखसहित वडास्तरीय र पालिकास्तरीय योजनाहरूका लागि रू. १ करोड ८१ लाख ६७ हजार १ सय २६ रुपैयाँ विनियोजन गरेको छु।

**भवन तथा सहरी विकासतर्फः**

अधुरा सहरी स्वास्थ्यकेन्द्रका भवन निर्माणतर्फ रू. १२ लाख, वडा कार्यालय भवन निर्माणतर्फ रू. ८० लाख, नगर आवास कार्यक्रमका लागि रू. ३ करोड ९८ लाख ६० हजार बजेट विनियोजन गरेको छु।

**ऊर्जातर्फः**

नवीकरणीय ऊर्जाको माध्यमबाट साझेदारी गरी स्मार्टलाइट र सिसिटिभी जडान कार्यका लागि रू. १० लाख ६५ हजार बजेट विनियोजन गरेको छु।

**वन वातावरण तथा विपद व्यवस्थापन एवम् सुशासन सम्बन्धित क्षेत्रतर्फः**

वन वातावरण तथा विपद व्यवस्थापन एवम् सुशासन सुशासनतर्फ रु. ५३ लाख विनियोजन गरेको छु।

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

नगरस्तरीय विपद व्यवस्थापनतर्फ रू. ३० लाख, नगरपालिका मातहतका कार्यालयमा ईहाजिरी जडान गर्न रू. ८ लाख, वडास्तरीय विपद व्यवस्थापन कोष, विभिन्न विकास साझेदारहरूसँगको साझेदारी रू. १७ लाख ५० हजार विनियोजन गरेको छु।

**कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ:**

प्रविधिमैत्री बडीमालिकाको संस्थागत विकास र सञ्चालनको लागि रू. १९ लाख २० हजार, न्यायिक तथा कानुनी सचेतना कार्यक्रम सञ्चालनका लागि रू. १२ लाखसहित सबै वडा कार्यालय, स्वास्थ्य संस्था, नगरपालिकाका विभिन्न शाखा उपशाखा सञ्चालनको लागि रू. १२ लाख, सार्वजनिक सुनुवाइ, चौमासिक समीक्षा, उपभोक्ता समितिलाई तालिम, पत्रपत्रिकाजस्ता क्रियाकलापहरूका लागि रू. १५ करोड ५१ लाख १ हजार ६ सय रुपैयाँ बजेट विनियोजन गरेको छु।

**आदरणीय सभाध्यक्षज्यू,**

